स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री पूजा शर्मा धेरै गाडी फेर्ने अभिनेत्रीमध्ये पर्छिन्। उनले ७५ लाख रुपैयाँ मूल्य पर्ने एलएस अटो ब्राण्डको विधुतीय कार किनिन्। आफू यो गाडी किन्ने नेपालकै पहिलो ग्राहक भएको उनको भनाइ छ। सुरक्षित र आरामदायी भएकाले यो ईभी गाडी किनेको पूजाले बताएकी छन्। हुन त उनी धेरै गाडी फेर्ने कलाकारमध्ये पर्छिन्। २१ वर्षदेखि नै गाडी हाँक्न थालेको बताउने उनले यसअघि हुन्डाई र फर्ड ब्राण्डका कार चलाइसकेकी छन्।

**आजको विचार...**



खतरनाक... (दुई पेजमा)

प्रा. देवीभक्त ढकाल

फिल्म 'जनै हराएको बाहुन'मा मिरुना मगर र विजय बरालले जोडी बाँध्ने पक्का भएको छ। फिल्मको शीर्ष भूमिकामा यी दुई कलाकारले 'अनस्क्रिन रोमान्स' गर्नेछन्। मिरुनाले केही दिनअघि यो फिल्म साइन गरेकी हुन्। 'कथावस्तु निकै रोचक लागेर साइन गरेकी हुँ' फिल्ममा अनुबन्धित भएको पुष्टि गर्दै मिरुनाले अनलाइनखबरसँग भनिन्। यसअघि 'कबड्डी', 'जारी'सहितका फिल्ममा मिरुना र विजय बरालले सहकार्य गरेपनि 'जनै हराएको बाहुन'मा भने पहिलोपटक जोडी बाँध्न लागेका हुन्।



❒ वर्ष ३० ❒ अंक २२० ❒ २०८१ फागुन २१ गते बुधबार 5 March 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### छुरा प्रहारबाट १ को मृत्यु

(रासस/एएफपी)

**हाइफा,** फागुन २०/इजरायलको हाइफा शहरको एक यातायात स्टेसनमा भएको छुरा प्रहारबाट एक जनाको मृत्यु हुनुका साथै कैयौँ घाइते भएका स्थानीय अस्पतालका चिकित्सकले बताएका छन् । गत जनवरी १९ मा गाजामा इजरायल र प्यालेस्टिनी लडाकू समूह (हमास)बीच भएको युद्धविरामपछि इजरायलमा भएको यो पहिलो घातक आक्रमण हो । गाजा युद्धविरामको पहिलो चरणको वार्ता सप्ताहन्तमा समाप्त भएपछि दुई पक्षबीच वार्ता रोकिएको बेला उक्त आक्रमण भएको हो । इजरायलको 'म्यागेन डेभिड एडोम'नामक आपतकालीन सेवाले भनेको छ, 'मेडिकल टोलीले अन्दाजी ७० वर्षीय एक व्यक्तिको मृत्यु भएको घोषणा गरेको छ र चार जना घाइतेलाई उद्धारपछि उपचार गरिरहेको छ ।' घाइतेमध्ये अन्दाजी ३० वर्षीय एक पुरुष र एक महिला तथा १५ वर्षीय बालकको अवस्था गम्भीर रहेको छ । उनीहरू अझै खतरामुक्त भइनसकेको बताइएको छ ।

# आज प्रतिनिधिसभा बैंठक : अध्यादेश प्रस्तुत गर्दै सरकार

**हाम्रा संवाददाता**

**पाल्पा,** फागुन २०/आज प्रतिनिधि सभाको बैंठक बस्दै छ । सो बैंठकमा सरकारले अध्यादेश प्रस्तुत गर्ने तयारी गरेको छ । दिउँसो १ बजे बस्ने प्रतिनिधिसभा बैठकमा सरकारले ५ वटा अध्यादेश प्रस्तुत गर्ने तयारी गरेको हो । गत २६ पुसमा बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न ६ अध्यादेश ल्याउने निर्णय गरेको थियो ।

सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी, निजीकरण ऐन-२०५० लाई संशोधन गर्न बनेको अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी अध्यादेश, सहकारीसम्बन्धी अध्यादेश र भूमिसम्बन्धी अध्यादेश ल्याएको थियो । राष्ट्रपतिबाट जारी भइसकेका ती अध्यादेश सरकारले गत १८ माघमा हिउँदे अधिवेशनको पहिलो बैठकमै प्रतिनिधिसभा



र राष्ट्रिय सभामा पेस गरिसकेको छ । संसद्को दोस्रो बैठक (२४ माघ)मा निर्णयार्थ पेस गर्ने भनिए पनि सरकार त्यसबाट पछाडी हटेको थियो । प्रतिनिधिसभामा बहुमत भए पनि राष्ट्रिय सभामा अल्पमतमा रहेकाले सरकारले सभामुख देवराज घिमिरेलाई आग्रह गरी अन्तिम समयमा आएर कार्यसूचीबाट हटाउन लगाएको थियो । त्यसयता बसेको बैठकमा अध्यादेश निर्णयार्थ पेस गर्न संसद्को कार्यसूचीमै पर्न सकेन । अध्यादेश मध्ये भूमिसम्बन्धी अध्यादेश सबैभन्दा पेचिलो बनेका कारण सरकारलाई सकस बनेको हो । सरकारले जारी गरेका ६ मध्ये ५ अध्यादेशमात्रै प्रतिनिधिसभा बैठकमा प्रस्तुत गर्ने जनाइएको छ । सिंहदरबारमा मंगलबार बसेको प्रतिनिधिसभा कार्यव्यवस्था परामर्श समिति बैठकले ५ अध्यादेशमात्रै निर्णयार्थ प्रस्तुत गर्ने गरि कार्यसूची तयार गरेको हो । भूमिसम्बन्धी अध्यादेशमा सहमति खोज्नका लागि भन्दै सरकारले ५ वटा अध्यादेश मात्रै सदनमा प्रस्तुत गर्न लागेको जनाइएको छ ।

**-बाँकी अन्तिम पेजमा...**

## बालबालिकामा शिक्षाको पहुँच पुऱ्याऔं

-उमेर पुग्ने वित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,

-विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,

-घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,

-बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,

-बालबालिकाको रुचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,

-बालबालिकाको फरक क्षमता अनुसार सिकाईको अवसर प्रदान गरौं,

-बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# विदेशमा कमाएको भन्दा फूलखेतीबाट धेरै आम्दानी

**घोराही (दाङ),** फागुन २०/घोराही उपमहानगरपालिका-१४ झिङ्गौराका ३९ वर्षीय किसान लोकेन्द्र रोका मगरको बारीमा अहिले पनि सयपत्रिका फुल ढकमक्क फुलेका छन् । उनी बेमौसमी समयमा पनि फूल, माला बिक्री गर्न व्यस्त हुन्छन् ।

उनले भने 'आजभोलि फूल चार सय किलो र माला सात सय ६५ देखि सात सय ९० सम्ममा बिक्री गर्दै आएका छु ।' चाडपर्वमा मात्रै नभई मगरको बारीमा अघिपछि पनि फूल फुलिरहेको हुन्छ । व्यावसायिक रूपमा फूलखेती गरेका उनी यही व्यवसायमा सन्तुष्ट छन् । आम्दानीको पाटो पनि राम्रो भएको छ, उनको फूलखेतीबाट । फूलखेती गर्नुभन्दा अघि उनी वैदेशिक रोजगारमा थिए । 'विगत लामो समयदेखि विदेशमा रोजगार गरेर फर्केपछि फूलखेती थालेको हुँ', उनले भने, 'बाहिरी देशमा कमाएको भन्दा फूलखेतीबाटै आम्दानी हुने गरेको छ, अब विदेश नजाने बरु यही व्यवसायलाई अझ बढाउँदै लैजाने सोच छ ।' रोजगारीका सिलसिलामा सात वर्ष कतारमा बिताएका रोकामगरले



जिल्लामा दसैँ, तिहारलगायत पर्व एवं अन्य शुभकार्यका लागि फूलको माग देखेपछि फूलखेती गर्न थालेका हुन् । उनले विगत १२ वर्षदेखि फूलखेती गर्दै आएका छन् । उनले गएको तिहारको समयमा डेढ बिघा जग्गा भाडामा लिएर फूलखेती गरेका थिए भने हाल दुई कठ्ठामा सयपत्रीका फूल उत्पादन गरिहेका छन् । अहिले घोराही, तुलसीपुर, लमहीलगायत ठाउँबाट फूलमालाको माग आइरहेको बताउन्छन् । 'जिल्लामा चाडपवको समयमा मात्र फूलखेती गर्ने किसान धेरै भएकाले बेमौसमी समयमा मागअनुसारको फूलमाला पुऱ्याउ नै सकिरहेको छैन', उनले भने, 'यो समयमा फूल चिसोका कारण मर्ने भएकाले धेरै जोगाउन समस्या भएको हुँदा बढी क्षेत्रफलमा फूलखेती गर्न सकिँदैन, फागुन पहिलो हप्ताबाट बिक्री गर्न सुरु गरेको फूल जेठसम्म रहने छ ।' विभिन्न सभा, सम्मेलन, कार्यक्रम र विवाह, पूजालगायतका कार्यमा फूलमाला बिक्री भइरहेको उनी बताउन्छन् । घोराही-१४, झिङ्गौरामा यही फागुन २ देखि १८ गतेसम्म सञ्चालन भएको छैटौं कृषि, पर्यटन तथा व्यापार महोत्सवमा किसान मगरले फूल, माला तथा विभिन्न फूलका बिरुवा बिक्री गरेर एक लाख ५० हजार बढी आम्दानी गरेको मगरले बताए । साथै उनले विवाहको माला पनि तयार पारेर बिक्री गर्दै आएका छन् । उनले उक्त माला एक हजारमा बिक्री गर्ने गरेका छन् । किसान मगरले माला बनाउनका लागि विजलीको फूल पनि उत्पादन गरेका छन् ।

*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# मानसिक समस्याप्रति ध्यान देऊ

**पछिल्लो समय मानसिक स्वास्थ्य समस्या भएका बिरामीको संख्या बढ्दो छ । सामान्यतया मानव मस्तिष्कले गर्ने विभिन्न कार्य बोली, चेतना, भावना, विचार, स्मृति, स्मरण शक्ति आदि कार्यमा गडबडी हुनु मानसिक समस्या हो । मानिस पूर्ण स्वस्थ रहन शारीरिक, मानसिक र सामाजिक रूपमा स्वस्थ हुनुपर्छ । कुनै देखिने रोग मात्र पूर्ण स्वस्थताको अवस्था होइन । मानसिक स्वास्थ्यका विषयमा धेरै मानिसले खुलेर समस्या नबताउने र ढिलो गरी चिकित्सक तथा स्वास्थ्य संस्थामा पुग्दा समस्या बढ्दै जाने गरेको पाइन्छ । जसका कारण आत्महत्यासम्मको डरलाग्दो बाटो रोज्नेको सूची पनि लामो हुँदै गइरहेको छ । आत्महत्याको तथ्य जति डरलाग्दो छ, त्यसको तुलनामा यसको रोकथामको काम भने खासै हुन सकिरहेको छैन । यस्तो त्रासदीपूर्ण अवस्थाको रोकथाममा घरपरिवार, समाज र राज्यले खासै चासो दिएको देखिन्न । अप्रिय घटना घटेको केही समयसम्म मिडिया, सामाजिक सञ्जालहरुमा धेरथोर हल्ला हुने गरे पनि न्यूनीकरणका लागि ठोस कार्यक्रम बनाउनतर्फ भने कसैको पनि ध्यान नजानु दुखद् हो ।**

**मानसिक स्वास्थ्य खराब हुनुलाई रोग नै नमान्ने र मानिहाले पनि घर-परिवार, समाजको डरले उपचारमा जान नमान्ने नेपालीको प्रवृत्ति पाइन्छ । उपचार गराउन चाहने सचेत नागरिकले सहज उपचार पाउने स्थानकै समेत अभाव देखिन्छ । नेपालमा हुर्कंदै गरेको या हुर्किइसकेको युवापुस्ता मानसिक स्वास्थ्यको बढ्दो जोखिममा छ । जुन जोखिमसँग कसरी लड्न सकिन्छ भनेर राज्य भने बेखबर बनेर बसेको छ । अब पनि राज्यले मानसिक समस्याको हल गर्न आफ्नो प्रस्ट एकीकृत नीति बनाएर सरोकारवाला सबै पक्षसँग हातेमालो नगर्ने हो भने हाम्रासामु चुनौतीको पहाड खडा हुनेछ । जसले समग्र विकासको मेरुदण्ड मानिने युवा जनसंख्यालाई नै प्रत्यक्ष रूपमा गम्भीर नकारात्मक असर गर्नेछ । स्वस्थ भएर बाँच्न पाउने अधिकारको रक्षा गर्ने दायित्व सरकारको हो । यसर्थ वर्तमान अवस्थामा देखिएको मानसिक स्वास्थ्य समस्या समाधानतर्फ सरकारको ध्यान पुगोस् ।**

## Opinion @ Social Network

बद्ला लिएर होईन ! बद्लिएर,देखाउ ! जिन्दगी फरक पाउनेछौं !


***(धिरज मगरको फेसबुक पेज को स्टाटस*** *(https://www.facebook.com/SDhiiraz.Mogar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# खतरनाक हुन्छन् वंशानुगतभन्दा निर्वाचित तानाशाहहरू



**प्रा. देवीभक्त ढकाल**

***दुर्भाग्य यस्तो अवस्था निम्त्याउने निर्वाचित तानाशाहहरू विकास र समृद्धिको झुठो नारा दिएर जनता अलमल्याउने र कुर्सीको आयु लम्ब्याउन कहिले मिलोमतो र कहिले प्रतिस्पर्धामा छन् ।***

विश्वमा मुख्यत: लोकतान्त्रिक र साम्यवादी शासनको बाहुल्य छ । यी दुईमध्ये कुन ठीक भन्ने विश्लेषण र व्याख्या अहिलेसम्म विवादास्पद छन् । यो निर्विवादित हुनसक्ने विषय पनि होइन । यस आलेखमा यो अन्त्यहीन विवादमा प्रवेश गर्न सम्भव छैन । शासकहरू सबैले आफूले अंगिकार गरेको पद्धति ठीक भन्ने रोगले विश्व राजनीति आक्रान्त छ । राजनीतिक प्रणाली त्यसलाई मात्र ठीक भनिन्छ, जसले नागरिकका हकलाई उच्चतम सुरक्षा दिँदै विकास र समृद्धिको प्रत्याभूति गर्नसक्छ । तानाशाही व्यवस्थामा पनि आर्थिक प्रगति भएको पाइन्छ । यसको ज्वलन्त उदाहरण चीनको आर्थिक विकास हो । प्रजातान्त्रिक व्यवस्था भएका देशहरूमा विकासमा असफल भएको नेपाल अर्को राम्रो उदाहरण हो । पञ्चायतले पनि जनताका हकअधिकारलाई सीमित गर्दै देशमा विकासको वातावरण सिर्जना गर्ने ध्येयले उद्योग, कृषि, शिक्षा, यातायात आदि धेरै क्षेत्रमा विकासको पूर्वाधार तयार गरेकै हो । तर, राजाका अधिकारलाई कटौती गरेर सत्ताको सुखभोग गर्ने चाहना गर्नेले जनपरिचालन गरेर मानवअधिकार, प्रजातन्त्र र प्रेस स्वतन्त्रताको नाममा सत्ता हत्याउने प्रचलन नेपालमा मात्रै होइन यो विश्व राजनीतिको प्रमुख समस्या हो । सत्तामा जो रहे पनि त्यसको विरोध दिनपछिको रात जस्तै प्राकृतिक नियम हो भन्दा अत्युक्ति हुँदैन । सत्तामा जो रहन्छ त्यसविरुद्धमा संगठन गर्ने र संगठनको बलमा सत्ताधारीलाई पदच्यूत गरेर सत्ता हत्याउने रोग संसारभर प्रचलनमा छ । प्रजातान्त्रिक मुलुकहरूमा विरोधीलाई सत्ताच्यूत गर्ने हतियार आवधिक निर्वाचन हो ।

विविध प्रकारका तानाशाहलाई सत्ताच्यूत गर्न राजनीतिक पार्टीले विविध प्रकारका आन्दोलनका शैलीहरूका माध्यमले जनपरिचालन गरेको विश्वको राजनीतिक इतिहासले पुष्टि गरेको छ । सबै सत्ताधारीप्रति प्रतिपक्षको असन्तुष्टि र विरोध अन्त्यहीन प्रक्रिया हो । सर्वाधिक लोकतान्त्रिक शासक, क्रुर तानाशाह सबैका विरोधी हुने विषय राजनीतिमा सर्वमान्य अकाट्य सत्य हो । मानवमात्रको एउटा मूलभूत विशेषता के हो भने सत्ता, शक्ति, पद र वैभव प्यारो नहुने व्यक्ति विरलै पाइन्छन् । ती विरलै पाइने अपवाद हुन् । तिनीहरूलाई छोडेर प्राय: सबैमा धनमा, पदमा, सत्तामा आशक्ति हुन्छ । यो मानवीय गुण हो । राजनीतिमा प्रतिस्पर्धा वा विरोध विद्यमान् परिस्थितिलाई सुधार्ने योजना, रणनीतिका साथ नभएर प्रतिशोधका लागि हुँदै आएकाले राजनीतिक परिवर्तनले जनभावना र विकासको गन्तव्यलाई पहिल्याउन नसक्दा संसारका सबै राजनीतिक पद्धति अँगालेका देशमा शान्ति, सुव्यवस्था, प्रगति जनभावना अनुकूल प्राप्त नभएको विषय विश्व राजनीतिको सर्वाधिक चासोको विषय हो । राजनीतिमा असन्तुष्टि विकासका सन्दर्भमा, जनताको भलाइ र उत्थानका सन्दर्भमा हुनु स्वाभाविकै हुन्छ तर यहाँ असन्तुष्टिहरूको कारण मूलभूत रूपमा आफू सत्ता, शक्ति र पदबाट वञ्चित भएको कारणले हुन्छ । राजनीतिमा विरोध स्थायी रोग हो । यो निर्विकल्प जस्तै छ । त्यसैले शान्ति र प्रगति भाषणमा सीमित हुन्छ तर व्यवहारमा कसरी सत्ता हत्याउने प्रतिस्पर्धालाई राजनीतिका रूपमा बुझ्ने र बुझाउने गर्दै आएका छौं । राजनीति र विवाद पर्यायवाची शब्द जस्तै भएको छ । कतिपय देशमा सैनिक तानाशाह, निर्वाचित तानाशाही शासन पद्धति, सर्वसत्तावाद, एकतन्त्रीय शासन आदि प्रचलनमा छन् । सैनिक तानाशाहका ज्यादतीको विषयमा बंगलादेशी र पाकिस्तानीलाई धेरै थाहा छ । तानाशाह व्यक्तिमा अन्तरनिहित शासकीय प्रवृत्ति हो । यसले उसको शासकीय शैली तथा चरित्रलाई प्रतिनिधित्व गर्दछ । वंशानुगत तानाशाह आफ्नो भावी पुस्ता पनि राजा हुन सकोस् भन्ने चाहना र भावनाद्वारा सदैव निर्देशित र सञ्चालित हुन्छ । तसर्थ उसले जनतालाई खुशी राख्ने भरमग्दुर प्रयास गर्छ । निर्वाचित नेतृत्व नैतिकवान भयो भने देश र जनताप्रतिको जिम्मेवारीलाई इमानदारीपूर्वक निर्वाह गर्छ तर निर्वाचित तानाशाहले भविष्यको वास्ता गर्दैन । उसले वर्तमानको क्षणिक लाभको दृष्टिकोण राख्छ तसर्थ उसले जनतालाई झुक्याउने र ठग्ने अस्त्र सजिलै प्रयोग गर्छ । भनिन्छ कि वंशानुगत तानाशाहभन्दा निर्वाचित तानाशाहहरू विशेष खतरनाक हुन्छन् । हरेक तानाशाहमा चाहे वंशानुगत होस् वा निर्वाचित होस् आफू अनुकूलका व्यक्तिलाई राज्यका पदहरूमा भरेर आफ्ना योजना कार्यान्वयन गर्ने, निजी स्वार्थ पूरा गर्ने, भ्रष्टाचार गर्ने, सत्ता र शक्तिको दुरुपयोग मात्रै होइन तुजुक देखाउने अहंकार सवार हुन्छ । अन्तत: त्यो पतनको कारण बन्छ । सबैभन्दा मीठो पदार्थ दूधबाट बनेको पायस दुर्गन्धित भयो भने त्यसको दुर्गन्धले उग्र रूप लिएजस्तै निर्वाचित तानाशाहहरूको चरित्र र प्रवृत्ति वंशानुगत तानाशाहभन्दा निर्वाचित तानाशाह निर्दयी हुन्छन् । देशलाई दीर्घकालीन नकारात्मक प्रभाव पार्ने निर्णय गर्नसमेत पछि पर्दैनन् । जब निर्वाचित पद धारण गर्नेहरू तानाशाह भए भने तिनीहरूको ध्यान देश, समाज र व्यक्तिलाई परनिर्भर बनाउने, त्यो परनिर्भरताले अर्थतन्त्रलाई थप खोक्रो पार्दै जान्छ । आफ्ना अतृप्त चाहनालाई पूरा गर्ने हतियार भ्रष्टाचार र कुशासनलाई बनाउँछन् । नि:सन्देह अहिले नेपालको परिस्थितिसँग ठ्याक्कै मेल खाने अवस्थाबाट देश गुज्रन्छ । नागरिकलाई आफ्नो दैनिकी जुटाउन हम्मेहम्मे परेको अवस्थामा राजनीतिक आन्दोलन र विद्रोही शक्तिलाई छिन्नभिन्न पार्न राज्यशक्तिलाई प्रयोग गरेर शासकीय समयलाई लम्ब्याउने र आफ्ना चाहना पूरा गर्न निर्वाचित तानाशाह तल्लीन हुन्छन् । नेपालमा निर्वाचित तानाशाहले संविधानविपरीत संसद्लाई विघटन गरेका घटनाक्रमले त्यसलाई पुष्टि गर्छ । निर्वाचित तानाशाहहरूमा विकास र समृद्धिको नाममा जनतालाई झुक्याउँदै विकास, समृद्धिको लालीपप बाँड्दै फगत आफ्नो र आफ्नाको आर्थिक विकास, समृद्धिका लागि भ्रष्टाचार र अनियमितता नै शासकहरूको आदर्श गन्तव्य हुन्छ । जो चोर उसको ठूलो स्वर भन्ने नेपाली उखान जस्तै ठूलो भ्रष्टले नै भ्रष्टाचार नियन्त्रणको नाटक मञ्चन गर्छ । उसले हाँक दिन्छ र भन्छ म भ्रष्टाचारीको मुख हेर्दिन । बिग्रेको घडीले चौबीस घण्टामा दुईपटक ठीक समय दिएको अभिनय गरे जस्तै भ्रष्टले म भ्रष्टाचारीको मुख हेर्दिन भन्ने कुरा पनि सत्य बन्दोरहेछ । मुख आफैंले देख्न नसक्ने भएको उसको भनाइ पनि बिग्रेको घडीले चौबीस घण्टामा दुईपटक सही समय दिएको अभिनय गरे जस्तै ऊ सत्य बन्दोरहेछ । फेरि तिनै निर्वाचित तानाशाह नामका भ्रष्टाचारीहरू नै भ्रष्टाचारीलाई कारबाही गर्न निर्देशित गर्दै मलाई नै कारबाही गर्नुपर्ने भए पनि कारबाही गर्नु भनेर रुन्चे हाँक दिन्छन् । भ्रष्टाचार नगर्न होइन कि यो थप भ्रष्टाचार गर्ने रणनीति हो । भ्रष्टाचारको पैसाले बनेको घर अर्थात् चौतारोमा बसेर भ्रष्टाचारको विरोध गर्दा लाज नहुनेहरू सधैं निर्वाचित जनप्रतिनिधि त्यो पनि तीन-चार दशकसम्म । केही थान नेता नामका निर्वाचित तानाशाहलाई त मृत्युले नै राजीनामा माग्नुपर्ने अनौठो अवस्था र परिस्थिति नेपालीले भोगिरहेका छन् । देशलाई आर्थिक रूपमा टाट उल्टाउन प्रदेशको व्यवस्था र जनतालाई विभाजित गरेर शासन गर्ने रणनीतिक प्रयास हो धर्मनिरपेक्षता । जनतालाई परिश्रमी बनाउनुको सट्टा राजनीतिक विवादको बिउ रोप्ने र त्यसका माध्यमले देशमा द्वन्द्वको बीजारोपण गरेर परनिर्भरताको राजमार्ग खन्ने काम निर्वाचित तानाशाहबाट हुँदै आएको मुख्य देशद्रोही काम हो । हिजो नेपालीहरूको भान्सामा बजारबाट ल्याउनुपर्ने चिज भनेको नुन, जिरा र मरिचमात्रै थियो भने अहिले भान्सामा प्रयोग हुने सम्पूर्ण सामग्री बजारमै निर्भर हुनपर्ने अवस्था कसले ल्यायो ? यसको जिम्मेवारी निर्वाचित तानाशाहले लिनुपर्ने कि नपर्ने ? हिजो चुलो बाल्ने दाउरा निर्विकल्प थियो, अहिले निर्विकल्प ग्यास बन्यो । दाउरा स्वदेशी उत्पादनको विकल्प ग्यास जब बन्यो चरम परनिर्भरताको भड्खालोमा जाकिदियो । यो परनिर्भरता अल्पकालीन नभएर स्थायी बन्ने निश्चित छ किनकि ग्यासको उत्पादन नेपालमा छैन । सबै सामान भारत र अन्य देशको भर पर्नुपर्ने भएपछि हाम्रो नगद सबै पलायन हुने स्वाभाविकै भन्नुपर्छ । आयातमा पूर्ण निर्भर हुने अवस्था एकातिर छ भने निर्यात शून्य प्राय: भएको अवस्थामा नगदको अभाव हुने विषय अनौठो मानिँदैन । देशमा यसअघि सञ्चालनमा रहेका सानातिना उद्योगहरूलाई कौडीको भाउमा बिक्रीवितरण गरेर छिन्नभिन्न बनाएपछि बेरोजगारी एकप्रकारले महामारी रोग भयो । युवा देशमा भए भने भ्रष्टाचार, अनियमितता र कुशासनको विरोध गर्ने भएकाले युवाहरूको विरोधबाट बच्न युवालाई निर्यात गर्ने योजनालाई इमानदारीपूर्वक निर्वाचित तानाशाहहरूले कार्यान्वयन गरे । परिणामस्वरूप युवाहरू पढ्ने निहुँमा युरोप, अमेरिका र अष्ट्रेलिया भासिने क्रम भयावह छ ।

देशको बिग्रँदो परिस्थितिका कारण एकपटक युरोप, अमेरिका, अष्ट्रेलिया जस्ता देशहरूमा खुट्टा टेकेको नेपाली युवा कुनै पनि हालतमा नेपाल फर्कन तयार नहुने अवस्था सिर्जना गर्ने यिनै निर्वाचित तानाशाहहरू हुन् जसले दशकौंसम्म सत्तामा रहँदा जनताको हितमा सिन्को भाँच्न सकेनन् तर पनि उनीहरू नै विकास र समृद्धिका अगुवा हुँ भनेर स्वयं घोषणा गर्न पटक्कै लजाउँदैनन् । युवाहरूलाई अनागरिक बनाउने योजनाको सफल कार्यान्वयनले देश नै युवाविहीन बनेको छ । सम्पन्न परिवारका युवाहरूलाई अनागरिक बनाउने योजनालाई यिनीले पढ्ने नाममा युरोप, अमेरिका र अष्ट्रेलिया आदि देशहरूमा पठाएर सफल बनाए भने बाँकी विपन्न परिवारका युवायुवतीलाई मलेशिया, इजरायल र खाडीका मुलुकमा निर्यात गरेर अहिले भ्रष्टहरू युवायुवतीबाट आफ्नो विरोध हुने सम्भावनालाई निमिट्यान्न पार्न सफल भएका छन् ।

युवाहरूलाई निर्यात गर्ने योजनाको सफल कार्यान्वयनका कारण यिनीहरू आफूलाई सुरक्षित ठान्दछन् । परिणामस्वरूप परनिर्भरता बल्झेको छ । दुर्भाग्य यस्तो अवस्था निम्त्याउने निर्वाचित तानाशाहहरू विकास र समृद्धिको झुठो नारा दिएर जनता अलमल्याउने र कुर्सीको आयु लम्ब्याउन कहिले मिलोमतो र कहिले प्रतिस्पर्धामा छन् । यी घटनाक्रमलाई नियाल्दा के महसुस हुन्छ भने नेपालको बहुदलीय शासन व्यवस्था फेरि अर्को एकपटक असफलताको मार्गमा बुर्कुसी मार्दैछ । समयक्रममा के प्रमाणित भयो भने वंशानुगत तानाशाहभन्दा पनि निर्वाचित तानाशाहहरू यदि भ्रष्टाचार र अनियमिततामा लिप्त भए भने वंशानुगत तानाशाहभन्दा देश र जनताको भाग्य र भविष्यलाई अन्धकार पार्न निर्वाचित तानाशाह अझ बढी खतरनाक हुन्छन् भन्ने प्रमाण नेपाललाई कहिलेसम्म बनाउने ?

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :तटस्थ रहेर कार्यक्षेत्रमा काम गर्नुहोला। व्यवसायमा नयाँ निर्णय लिनदेखि बच्नुहोस्। | **तुला** : व्यापारबाट लाभ मिल्नेछ। उद्योग व्यापारमा कीर्तिमान स्थापित गर्न सक्नुहुनेछ। |
| **वृष** : फलतापूर्वक कार्यान्वयन गर्न सक्षम हुनुहुन्छ।स्वास्थ्यलाई लिएर सचेत रहनुहोला। | **वृश्चिक** :धोखा मिल्ला सचेत रहनुहोस्। आफ्नो कार्य स्वयं गर्ने प्रयास गर्नुहोला। |
| **मिथुन** : आर्थिक दृष्टिकोणले आजको दिन राम्रो रहनेछ। यात्रामा सुविधा रहनेछ। | **धनु** : अध्यापनमा गुरुजनको मार्गदर्शन उपयोगी हुनेछ। कार्य प्रारम्भ हुनेछ। |
| **कर्कट** : सामाजिक कार्यमा व्यस्त र हनुहुनेछ।कार्य बन्नाले मन प्रसन्न रहनेछ। | **मकर** :आफन्तहरूसँग समझदारी बढ्नेछ।गरेको कार्यहरूमा सफलता मिल्नेछ। |
| **सिंह** : लक्ष्य प्राप्त हुने सम्भावना देखिन्छ। विद्यार्थी वर्गहरूको पढाइमा प्रगति हुनेछ। | **कुम्भ** : आर्जन गर्न सकिनेछ। आफूभन्दा ठूलाको साथ र सहयोग मिल्नेछ। |
| **कन्या** : अपेक्षित परिणाम नमिल्ला। सवारी साधन चलाउँदा सचेत रहनुहोला। | **मीन** : वाचा पुरा नगर्दा आफूले खर्च वहन गर्नुपर्ला। न्यायिक कार्यमा सफलता मिल्नेछ। |

## कला मनोरञ्जन

# ‘बधाई, मेरो कार्यक्रम रोक्न सफल हुनु भयो !’



गायक दुर्गेश थापाले आफ्नो कार्यक्रम रोकिएको भन्दै आक्रोश पोखेका छन् । दाङमा आयोजना हुने भनिएको कार्यक्रम केही कलाकारहरूको स्वार्थी सोच, राजनीतिक चलखेल, र नियोजित रणनीतिले रोकिएको उनले आरोप लगाएका हुन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, ‘यो घटनाले एकचोटि फेरि स्पष्ट गरिदियो– केही व्यक्तिहरू कलाकारिता भन्दा बढी राजनीतिक स्वार्थमा लिप्त छन् । कोही कलाकारले हेलिकप्टर उड्यो कि उडेन भनेर लेख्न भ्याउनु भएछ। उहाँलाई मेरो बधाई’ मेरो कार्यक्रम रोक्न सफल हुनु भयो ।’ दर्शकहरू महोत्सव स्थलसम्म पुगेर निराश हुँदै फर्किएको देख्दा आफूलाई निकै दु:ख लागेको उनले बताएका छन् । उनले भनेका छन्, ‘ तर एक कुरा नबिर्सनुहोस् हजुरहरूले मलाई कार्यक्रममा रोक्न सफल हुनुभयो होला, तर दाङका दर्शकहरूको मेरो लागि रहेको माया, स्नेह र आशीर्वाद कुनै माइकलालले मेटाउन सक्दैन’! जबसम्म दर्शकहरूको माया छ तबसम्म आफूलाई कसैले हल्लाउन नसक्ने उनले जिकिर गरेका छन् । ‘दुस्मनहरूलाई एक मात्र जवाफ– दुस्मन हेरेको हेरै’ त्यसैले ‘दुर्गेश थापा नाम हैन ब्राण्ड हो ब्राण्ड,’ थापाले भनेका छन् । कहिलेकाहीँ जिन्दगीले सोचेजस्तो हुँदैन भन्ने पाठ त पहिल्यै सिकेको थिएँ, तर यसपालि त्यो अझ गहिरिएर अनुभूति गरे । म दाङका प्रिय दर्शक भगवान्को दर्शन गर्न, मनभरि माया साट्न र आफ्ना प्रस्तुति मार्फत हजुरहरूलाई मनोरञ्जन दिन अत्यन्त उत्साहित थिएँ । तर, एउटा दुर्भाग्यपूर्ण मोड आयो । अचानक महोत्सव हुन नदिने निर्णयको खबर फैलियो । मेरो भगवानरूपी दर्शकहरू महोत्सव स्थलसम्म पुगेर निराश हुँदै फर्किएको देख्दा मन रोयो । कलाकार भनेको एउटा परिवार हो । दर्शकको माया नै कलाकारको ऊर्जा हो । तर केही कलाकारहरूको स्वार्थी सोच, राजनीतिक चलखेल, र नियोजित रणनीतिले मलाई हजुरहरू माझ उपस्थित हुन दिएन । यो घटनाले एकचोटि फेरि स्पष्ट गरिदियो– केही व्यक्तिहरू कलाकारिता भन्दा बढी राजनीतिक स्वार्थमा लिप्त छन् । कोही कलाकारले हेलिकप्टर उड्यो कि उडेन भनेर लेख्न भ्याउनु भएछ । उहाँलाई मेरो बधाई’ मेरो कार्यक्रम रोक्न सफल हुनु भयो । हजुरको रणनीति साँच्चै ‘गज्जबको’ रहेछ तर एक कुरा नबिर्सनुहोस् हजुरहरूले मलाई कार्यक्रममा रोक्न सफल हुनुभयो होला, तर दाङका दर्शकहरूको मेरो लागि रहेको माया, स्नेह र आशीर्वाद कुनै माइकलालले मेटाउन सक्दैन’ मलाई हेलिकप्टर चढ्ने या देखाउने रहर छैन । मेरो मात्र एउटा रहर छ– नेपालका हरेक कुनामा पुगेर आफ्ना दर्शकहरूसँग भेट्नु, माया साट्नु, र आफ्नो प्रस्तुति दिनु । नेपालका मेलाहरूमा मेरो नाम काट्न लागिपरेका आदरणीय दिदी तथा मित्रहरू, हजुरहरू मेरो नाम काट्दै जानुस्, म मेरो नामको ब्रान्ड बनाउँदै जान्छु’ दर्शकको अपार माया, हजारौँको भीड, अनगिन्ती अवसरहरू– यी सबै देखेर जल्नेहरू जल्दै रहुन्’ किनभने जबसम्म मेरो शिरमा दर्शकको आशीर्वाद छ, जबसम्म मेरो लागि दर्शकहरूको माया छ तबसम्म मलाई कसैले हल्लाउन सक्दैन’ दुस्मनहरूलाई एक मात्र जवाफ– दुस्मन हेरेको हेरै’ त्यसैले ‘दुर्गेश थापा नाम हैन ब्राण्ड हो ब्राण्ड ’

*-रातोपाटी डटकम*

# बालेनलाई सुशान्त केसीको निम्तो

गायक सुशान्त केसी आगामी शनिबार भक्तपुरको सल्लाघारीमा गुञ्जिने तयारीमा छन् । ‘सुशान्त केसी लाइभ इन नेपाल’ नाम राखिएको यो कन्सर्ट साढे २ वर्षपछि केसीको पहिलो उपत्यका कार्यक्रम हुनेछ । यो प्रतीक्षित कन्सर्टको लागि सुशान्त यतिबेला तयारीमा जुटेका छन् । १५ हजारभन्दा धेरै दर्शक सहभागि हुने बताइएको यो कन्सर्टमा अन्य चर्चित व्यक्तिहरूलाई पनि उपस्थित गराउने कसरत केसीले गरिरहेका छन् । यस्तोमा, काठमाडौं महानगरका मेयर समेत रहेका गायक बालेनलाई पनि उनले सोमबार कन्सर्टमा उपस्थित हुन निम्तो दिए । आफूले बालेनलाई निम्तो दिएको र उनी कन्सर्टमा सहभागि हुने आशा आफूले राखेको सुशान्तले जनाएका छन् । उनले बालेनसँगको भेटबारे सामाजिक संजालबाट जानकारी दिएका छन् । उनी लेख्छन्, ‘मेयर बालेन शाहसँग राम्रो कुराकानी । न्यापदेखि जिम्मेवारीसम्म । वास्तवमै लिजेन्ड । काठमाडौं कसरी अझ जीवन्त र सुन्दर शहरमा विकसित हुँदैछ भनेर प्रशंसा गर्न पाउँदा सम्मानित महसुस भयो । आशा छ त्यहाँ भेट्नेछु ।’ बालेनले पछिल्लोपटक महानगरको स्थापना दिवसको अवसरमा टुँडिखेलमा आयोजित



कन्सर्टमा सहभागिता जनाएका थिए । पछिल्लोपटक फिल्म ‘लाज शरणम्’को शीर्षगीत पनि गाएका थिए, जुन अहिले युट्युव प्लाटफर्ममा ट्रेन्डिङमा छ । सुशान्तको कुरा गर्दा, उनी सन् २०२४ मा इन्टरनेट प्लाटफर्ममा सबैभन्दा धेरै स्ट्रिमिङ हुने नेपाली कलाकार हुन् ।

*-अनलाइन खबर डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा


# चलचित्रमा नयाँ पुस्ता र ‘होस्टेल’को प्रयोग

**भेषराज कार्की**

निर्माणको सङ्ख्यात्मक वृद्धि, बढ्दो लगानी तथा राम्रो पारिश्रमिकका कारण चलचित्रप्रति आकर्षण बढेको पाइन्छ । सोही कारण बेलाबखतमा यस क्षेत्रमा नयाँ अनुहारको आवश्यकता खड्किने गर्छ । एक दशकअघि देखि नयाँ पुस्ताका रूपमा प्रदीप खड्का, अनमोल केसी, सलोन बस्नेतको आगमन भएको कारण नयाँ पुस्ता चलचित्र भवनसम्म पुगे । उनीहरूले आफ्नो पुस्तालाई मुख्य कलाकारका रुपमा मात्र पाएनन्, आफ्नो कथा, लवज र जीवनशैली पनि पाए । नेपाली चलचित्रमा नयाँ अनुहार ल्याउने श्रेय ‘होस्टेल’ शङ्ख्लालाई जान्छ । प्रदर्शन भइसकेको ‘होस्टेल’ र ‘होस्टेल रिट्न्स’ बाट चलचित्रमा ‘डेब्यु’ गर्नुभएका अभिनेता अनमोल केसी, सलोन बस्नेत, स्वस्तिमा खड्का, नाजिर हुसेनलगायत अहिले स्थापित बनिसक्नु भएको छ । कुनै समय नयाँ कलाकारलाई चलचित्रमा ल्याउन ‘होस्टेल’ शङ्ख्ला उपयुक्त मानिन्थ्यो । तर, विविध कारणले यसको दोस्रो शङ्ख्लापछि तेस्रो बन्न धेरै समय लाग्यो । ‘होस्टेल रिट्न्स’ प्रदर्शन भएको एक दशकपछि यसको तेस्रो शङ्ख्ला ‘होस्टेल ३’ तयार भएर आउँदो फागुन २३ मा प्रदर्शन हुँदैछ । यसपटक चलचित्र निर्माण, निर्देशनदेखि अभिनय गरेका कलाकार नयाँ छन् । विशेषत: यसलाई ‘नयाँ पुस्ता’ को चलचित्र भन्न सकिन्छ । यस चलचित्र ‘होस्टेल ३’ मार्फत अभिनय यात्रा प्रारम्भ गर्नुभएका पदम तामाङ भारतको सिक्किममा बसोबास गर्नुहुन्छ । आफ्नै ‘युट्युब चयानल’मार्फत विभिन्न हास्य व्यङ्ख्यात्मक कार्यक्रम निर्माण गरिरहनुभएका तामाङले ती सब छाडेर चलचित्रमा अभिनय रोजे । ‘मलाई बेलाबखतमा चलचित्रमा अभिनय गर्ने प्रस्ताव आउँथ्यो तर केहीमा कथा र केही पात्रमा आफूलाई पाउन सकेको थिइनँ । साथै, मैले निर्माण गर्ने ‘कन्टेन्ट’लाई युट्युबमा दर्शकले रुचाउनु भएको थियो, मसँग जोडिएका सबैले बल्ल मेहनत फल पाएका थिए । अर्थात् हाम्रो राम्रो दिन सुरु भएको थियो । त्यही भएर ती सब छाडेर, सिक्किम छाडेर नेपाल आएर चलचित्रमा अभिनय गर्ने आँट आएको थिएन’, अभिनेता तामाङले भने । यद्यपि ‘होस्टेल ३’ बाट प्रस्ताव आएपछि उनका सबै सहकर्मी र परिवारले समेत नयाँ यात्रा सुरू गर्न प्रोत्साहन गरे । सोही कारण उनले पुरानो परिचयलाई चट्ट छाडेर नयाँ परिचयको सुरुआत गरेका छन् । यस्तै, कथा अभिनेत्री सिम्रन पन्तको पनि रहेको छ । विद्यालयमा अभिनय गर्दा कहिले एक्लै चलचित्र हेर्न समेत नपाएकी उनि अहिले चलचित्रमा अभिनेत्री बझेकी छन् । बेलाबखतमा परिवारसँग चलचित्र भवन पुग्दा उनलाई खुसी मिल्ने रहेछ, सोही कारण उनले उच्च शिक्षासँगै कलात्मक पाटोलाई समेत बढाउँदै लागे । फलत: ‘अडिसन’मार्फत उनि अभिनेत्रीका रुपमा छानिन् । ‘मैले अभिनयको प्रशिक्षण पनि लिएकी थिएँ । तर, यसअगाडि केही चलचित्रमा काम गर्ने तय भए तापनि त्यो बनेनन्, त्यसकारण प्रस्ताव आउनु नयाँ थिएन । होस्टेलको तेस्रो शङ्ख्ला बन्दैछ भन्ने थाहाँ पाएपछि म खुसी भएँ । मैले अभिनय गर्दैछु भन्ने तय भएको दिनको उत्साहलाई मैले शब्दमा बयान गर्न सक्दिन’, अभिनेत्री पन्तले भनिन् । उनि खुसी हुनुको कारण अभिनेता तामाङ झैँ ‘होस्टेल’ शङ्ख्लाको दर्शक भएर हो । उमेरले चालिस पुगेका कलाकारहरुको भीडमा आफ्नै पुस्तालाई चलचित्रमा पाउँदा अभिनेत्री पन्त दङ्ग परे । किनकि युवाको होस्टेल जीवन मात्र नभई ‘टिन एज’ मा आउने




उतारचढाव समेत चलचित्रमा समावेश गरिएको थियो । या भनौं तन्नेरी पुस्ताको कथा र व्यथा चलचित्रमा थियो । तेस्रो शङ्ख्ला अर्थात् ‘होस्टेल ३’ मा नयाँ पुस्तासँगै जोडिएको विषय भएपछि ‘कुल ब्वाई’ नामक ‘टिकटकर’का रुपमा परिचय बनाएका पारसबम ठकुरी ठूलो पर्दामा अभिनय गर्न सहमत हुए । ‘प्रस्ताव गरिएको पात्र आफू झैँ लाग्नाका साथै आफ्नै जस्तोको कथा लागेपछि चलचित्रमा काम गर्ने सोच बनाएको हुँ । फेरि कुनै न कुनै समयमा आफूलाई भिन्न परिचय दिनु नै थियो । म सानो क्यामेराबाट यहाँसम्म आइपुगेको छु । म परिचय फेर्न त आएको हुँ, तर धरातल नछाडेर । आफूले सपना देखियो र त्यसलाई पूरा गर्न इमान्दारिताका साथ लागियो भने निश्चय सफलता पाइन्छ भने उदाहरण बन्न सकूँ जस्तो लाग्छ”, अभिनेता ठकुरीले भने । उनलाई चलचित्रमा काम गर्न सहज लाग्नाका कारण नै आफ्नै जस्ता र उमेर समूहका कलाकार तथा प्राविधिक थिएँ । सबै नयाँ र उस्तै उमेर समूहको भएकै कारण सजिलै चलचित्र बन्यो । सामाजिक सञ्जाल वा नि:शुल्क दर्शकले रुचाउनु भए तापनि ठूलो पर्दामा हेर्न आउने हो कि होइनन् भन्ने डर त सबैलाई छ । तर, आफूले गरेको कामप्रति सबै ढुक्क छन् । यसै चलचित्रमार्फत अभिनयको सुरुआत गर्ने अर्का कलाकार हुनुहुन्छ, आशिष घिमिरे । छ वर्षको उमेरदेखि हास्य टेलिशङ्ख्ला ‘मेरी बास्सै’ मा ‘धुन्धुकारी’ को भूमिकामा लगातार पाँच वर्षसम्म अभिनय गर्नुभएका अभिनेता घिमिरे कलाकार केदार घिमिरेका छोरा हुनुहुन्छ । बुबा टेलिशङ्ख्ला र चलचित्रमा स्थापित भए तापनि अभिनेता घिमिरेले केही साङ्गीतिक श्रव्यदृश्यमा लेखक र निर्देशन समूहमा रहेर काम गर्नाका साथै आरोहण गुरुकुल नाटकघरमा नाट्यकर्मी सुनिल पोखरेलसँग अभिनय सिक्नुभयो । उनले केही सडक नाटक, नाट्यकर्मी पोखरेलको निर्देशनमा तयार भएको ‘गच्छामि’ नामक नाटक र रामभजन कामतले निर्देशन गरेको ‘काल’ नामक नाटकमा अभिनय गरेपछि चलचित्रमा अभिनय गरे । ‘चलचित्र बन्दैछ र चाहिएको पात्र म गर्न सक्छु भन्ने लागेपछि ‘अडिसन’ दिएँ । निर्माण समूहले खोजे झैँ पात्र भए तापनि धेरै पटक अडिसन दिएपछि म छनोट भएको हुँ । म मेरो बुबाको नाम र पहिचानभन्दा पनि आफ्नै कामले चिनिन चाहन्थे । सोही कारण आफूले सक्दो मेहनत गरेर चलचित्रसम्म आएको हुँ’, अभिनेता घिमिरेले भने । अभिनेता घिमिरेसँगै अन्य तीन कलाकारको पनि पहिलो चलचित्र भएकाले नर्भस, उत्साह र डर सबैमा थियो । एकआपसमा घुलमिल हुनाका साथै कार्यशाला (अभिनय प्रशिक्षण) गरे तापनि छायाङ्कनको पहिलो डर सबैमा थियो । किनकि यहाँ आफ्नो कारणले चलचित्र निर्माण गर्न तयार प्राविधिकसहितको टिमको काम बिग्रिन्थ्यो । ‘हामी सबैको उस्तै उस्तै मनोभाव रहेछ । किनकि प्राविधिक सबै पोख्त हुनुहुन्थ्यो । हाम्रो कारणले उनको कामसमेत सफल हुन्थेन । तर, छायाङ्कन अगाडि हामीले होस्टेल शङ्ख्लामा अभिनय गरेका पुराना कलाकारलाई भेटेर उनको अनुभव सुनेका थियौं, त्यसले हामीलाई आत्मविश्वास बढाउन मदत गऱ्या’, अभिनेता ठकुरीले भने । ‘होस्टेल’मा अभिनय गर्ने अभिनेता गौरव पहाडी र सलोन बस्नेतले सुनाएको अनुभव आफ्नो भन्दा फरक नपाएको अभिनेत्री पन्तले बताईन् । नयाँमा सबै उस्तै हुने वा उही मनोविज्ञान हुने भएपछि सबै कलाकारलाई थप ऊर्जा प्राप्त भयो । त्यही ऊर्जाले उनीहरूलाई छायाङ्कन गर्ने दृश्यमा आफ्नो पात्रलाई जीवन्त बनाउन मदत गऱ्यो । लचित्रमा अन्य ‘डेब्यु’ कलाकार रिहान गिरी, हिना नगरकोटी र समा पराजुली पनि हुनुहुन्छ । उनि सम्पूर्ण कलाकार चलचित्र ‘होस्टेल ३’ को सार्वजनिक प्रचार सामग्रीमा आत्मविश्वासी देखिएका छन् । पात्रलाई जीवन्त बनाएको प्रतिक्रिया दर्शकले सामाजिक सञ्जालमा दिए छ । दर्शक प्रतिक्रियाकै कारण अभिनेता तामाङ अब अभिनयलाई निरन्तरता र युट्युबमा नयाँ ‘कन्टेन्ट’ तयार गर्ने तयारीमा हुनुहुन्छ । ‘म आगामी दिनमा हास्य कलाकारकै रुपमा देखिन्छु भन्ने लागेको छ । किनकि यसमा पनि मेरो पात्रले गर्ने गतिविधिले चलचित्र हेर्न आउनु हुने दर्शक हाँस्न बाध्य बन्नु हुन्छ । साथै, आफ्ना रोकिएको कामको पनि सुरुआत गर्छु’, अभिनेता तामाङले भने । व्यावसायिक सुरक्षाका कारण प्राय: निर्देशकको रोजाइमा स्थापित अनुहार पर्ने देखिए पनि नयाँ अनुहारले चलचित्रमा नयाँ दर्शक तान्न सक्ने भएको र विषयवस्तुसँगै ‘होस्टेल’ शङ्ख्लाको ‘लिगेसी’ लाई अगाडि बढाउन नयाँ पुस्ताको चलचित्र बनाएको निर्देशक सशान कँडेलले बताए । ‘म आफैँ निर्देशकका रुपमा नयाँ भएकाले मैले प्रतिभा भएका र मेहनत गर्नसक्ने नयाँ पुस्तालाई चलचित्रमा ल्याएको छु । उनिहरू सबै आउँदो केही वर्षमा सर्वाधिक खोजिने कलाकारका रुपमा परिचित बन्नुहुनेछ भन्ने मलाई लागेको छ । तर, अहिलेको जस्तै मेहनती र सरल भने रहन सक्नुपर्छ’, निर्देशक कँडेलले भने । यसअगाडिका ‘होस्टेल’ का दुई शङ्ख्लाले नयाँ पुस्तालाई कलाकारितामा स्थापित गराउनाका साथै व्यावसायिक सफलता पनि हासिल गरेको थियो । ‘होस्टेल ३’ को व्यापार आउँदो केही सातामा थाहा हुने भए तापनि यसमार्फत चलचित्रमा भित्रिएका नयाँ पुस्ताको चर्चा भने अहिले नै बढिरहेको छ । *-रासस*

# निस्दी खोलामा पक्की पुल शिलान्यास



**रामपुर (पाल्पा),** फागुन २०/ जिल्लाको निस्दी गाउँपालिका-५ स्थित निस्दी खोलामा पक्की पुल निर्माण प्रक्रिया अघि बढेको छ । गल्धाफाँट र कठैडाँडा जोड्ने गरी निस्दी खोलामा निर्माण हुने पुलको सोमबार शिलान्यास गरिएको हो

दुई स्पानसहितको ५३ मिटर लम्बाइ र १० मिटर चौडाइ रहेको पुल निर्माण हुने भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव भीमार्जुन पाण्डेले जानकारी दिए । उनका अनुसार आरसिसी, टि-गर्डर मोटरेबल पुल ओपन फाउन्डेशन मोडलमा निर्माण हुनेछ । सडक पूर्वाधार विकास कार्यालय पाल्पाले सात करोड १० लाख १९ हजार छ सय ३३ लागत अनुमानसहित ठेक्का आह्वान गरेको थियो ।

शुभलक्ष्मी-शुक्रकमली-हेभन जेभी कञ्चनपुरले भ्याटसहित पाँच करोड ९८ लाख ६३ हजार नौ सय ३३ लागतमा दुई वर्षभित्र सम्पन्न गर्ने गरी गत कात्तिक ४ गते ठेक्का सम्झौता गरी निर्माण थालनी गरेको जनाएको छ । लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले पुल शिलान्यास गर्दै समयमा निर्माण सम्पन्न गर्न मन्त्रालयले रकमको अभाव हुन नदिने बताए । यस पुलले गाउँका स्थानीयको जीवनस्तर उकास्न सघाउ पुग्ने उनको भनाइ छ । प्रतिनिधिसभाका सांसद नारायणप्रसाद आचार्य, लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारु, लुम्बिनी प्रदेश अर्थ, उद्योग तथा पर्यटन समितिका सभापति राजुप्रसाद श्रेष्ठ, जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टङ्कनाथ खनाल, निस्दी गाउँपालिकाका अध्यक्ष मुक्तबहादुर सारुलगायतले निस्दी खोलामा पुल निर्माण भएसँगै गाउँमा उत्पादित कृषिउपज बजारीकरण गर्न सहज हुने बताए थिए । *-रासस*


# सार्वजनिक सुनुवाइ सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/११/२१

**पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड प्रस्तावक रही लुम्बिनी प्रदेश, पाल्पा जिल्लाको माथागढी गाउँपालिका वडा नं. ६ (साविक गोठादी गाविस -२ र ५) को घारी क्षेत्रमा चुनढुंगा (Limestone) खानी उत्खनन् गर्ने प्रयोजनका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन सम्बन्धमा**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | पाल्पा सिमेन्ट इन्डष्ट्रिज लि.<br>काठमाडौं महानगरपालिका - ११, सेन्ट्रल बिजिनेस पार्क-५०२ |
| **प्रस्तावको व्यहोरा** | लुम्बिनी प्रदेश को पाल्पा जिल्ला माथागढी गाउँपालिका वडा नं. ६ (साविक गोठादी गाविस-२ र ५) को घारी क्षेत्रमा जम्मा ९.११ हे. (८.४५ हेक्टर राष्ट्रिय वन र ०.६६ हेक्टर निजि जग्गा) क्षेत्रफलमा चुनढुंगा उत्खनन/क्वारी कार्य संचालनका लागि प्रस्तावित छ । प्रस्तावित खानी बाट ३,००० (तीन हजार) टन चुनढुंगा दैनिक उत्खनन् गरिने छ । |
| **प्रभाव पर्ने जिल्ला/गा.पा.** | लुम्बिनी प्रदेश को पाल्पा जिल्ला माथागढी गाउँपालिका वडा नं. ६ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी सिलसिलामा वातावरण संरक्षण नियमावली,२०७७ को नियम ६ बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप निम्न लिखित मिति,समय तथा स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम राखिएको व्यहोरा अनुरोध गर्दै सबै इच्छुक महानुभावहरुलाई उक्त कार्यक्रममा उपस्थित भई प्रस्ताव कार्यन्वयनबाट सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी लिखित तथा मौखिक रुपमा आफ्नो राय सुझाव उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम :**

**मिति २०८१/११/२७ गते**

**समय : बिहानको ९ बजे**

**स्थान : माथागढी गाउँपालिका वडा नं.६ घारी, प्रस्तावित खानी क्षेत्र ।**

**राय, सुझावको लागि पत्रचार गर्ने ठेगाना :**

| प्रस्तावकको नाम र ठेगाना : | परामर्शदाताको नाम र ठेगाना : |
|---|---|
| नामः पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड<br>ठेगाना :काठमाडौं म.न.पा.-११.सेन्ट्रल बिजिनेस पार्क-५०२.काठमाडौं थापथली<br>ईमेल:Dhungelashok@gmail.com<br>सम्पर्क व्यक्ति : जीवन निरौला, ९८५१०५६२३७ | नाम :गिफ कन्सल्टेन्सी प्रा.लि.<br>ठेगाना :ललितपुर म.न.पा.- बालकुमारी-९<br>ईमेल:giefconsultancy147@gmail.com<br>फोन : ०१-५१८६३०८ |


## खेलकुद समाचार

# सहायक प्रशिक्षकमा खड्गी



**काठमाडौं,** फागुन २०/ सिङ्गापुरसँगको मैत्रीपूर्ण खेल र मलेसियासँगको एएफसी एसियन कप छनोटका लागि अखिल नेपाल फुटबल सै (एन्फा) ले राष्ट्रिय टोलीका सहायक प्रशिक्षक तथा सपोर्टिङ स्टाफ नियुक्त गरेको छ । एन्फाले सहायक प्रशिक्षकमा सल्यान खड्गी र गोलकिपिङ प्रशिक्षकमा विनोद महर्जनलाई नियुक्त गरेको हो । यस्तै टिम म्यानेजरमा रमेशकुमार कार्की, सहायक टिम म्यानेजरमा नकुल हमाल ठकुरी र टोलीको फिजियोथेरापिस्टमा निशान्त जोशी नियुक्त भएका छन् । नियुक्त सहायक प्रशिक्षक र सपोर्टिङ स्टाफलाई एन्फाका महासचिव किरण राईले नियुक्तिपत्र प्रदान गरेका छन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से तेस्रो दिन पनि घट्यो



**पाल्पा,** फागुन २०/साता कारोबारको पहिलो दिन उच्च अङ्कले बढेको नेप्से परिसूचक सोमबार मंगलबार भने घटेको छ । दोस्रो दिन १३ दशमलव ६२ अंकले घटेको नेप्से तेस्रो दिन मंगलबार ३० दशमलव ३६ अङ्कले घटेको हो ।

एक दशमलव ०५ प्रतिशतको गिरावटपछि मंगलबार नेप्से परिसूचक दुई हजार ८ सय ४६ दशमलव ३० को विन्दुमा कायम भएको छ । सोही दिन तीन सय १८ कम्पनीको दुई करोड ६३ लाख ८९ हजार ९ सय १० कित्ता सेयर एक लाख २२ हजार ३ सय ३६ पटक खरिदबिक्री हुँदा १२ अर्ब ९४ करोड ६४ लाख ९३ हजार बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ एक दशमलव ०५, विकास बैङ्क शून्य दशमलव ३९, वित्त दुई दशमलव १०, होटल तथा पर्यटन शून्य दशमलव ९७ र जलविद्युत् समूह एक दशमलव ०८ प्रतिशतले घटेको छ । त्यसैगरी लगानी एक दशमलव ७५, जीवन बिमा शून्य दशमलव ६९, उत्पादन तथा प्रशोधन दुई दशमलव २१, लघुवित्त एक दशमलव ४१, म्युचुअल फन्ड शून्य दशमलव ५५, निर्जीवन बीमा एक दशमलव ११, व्यापार शून्य दशमलव ८४ र अन्य समूह शून्य दशमलव ०६ प्रतिशतले घटेको छ । गार्डियन माइक्रोलाइफ इन्सुरेन्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सिन्धु विकास बैङ्क लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

# आज प्रतिनिधिसभा...

...प्रतिनिधिसभामा बहुमत भए पनि राष्ट्रिय सभामा सत्तारूढ गठबन्धनलाई बहुमत छैन । लोसपा र जसपा दुवैले अध्यादेश अस्वीकार गर्ने निष्कर्षमा पुगेपछि सरकार नैतिक संकटमा परेको छ । सत्तारूढ नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले)सहितका दल जसरी पनि ती अध्यादेश पारित गराउने पक्षमा छन् ।

कांग्रेस र एमालेकै केही नेताले अध्यादेशमा असन्तुष्टि व्यक्त गरे पनि दलको आदेश मान्दै स्वीकार गर्नुपर्ने अवस्था छ । तर, सत्तारूढ लोसपा र जसपाले अस्वीकार गर्ने निर्णय नै गरिसकेका छन् । विपक्षी दलहरू नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), राष्ट्रिय प्रजातन्त्र पाटी (राप्रपा), आम जनता पार्टी (आजपा), नेपाल समाजवादी पार्टी (नेसपा महेन्द्रराय)सहितका दलहरूले अध्यादेश अस्वीकार गर्ने निर्णय यसअघि नै गरिसकेका छन् । सत्तारुढ दलहरुले अध्यादेश स्वीकृतिका लागि आफ्ना सांसदहरूलाई भने ह्विप जारी गरिसकेको छ । आज बस्ने संसद्को बैठकमा अध्यादेशहरू स्वीकृतिका लागि प्रस्तुत हुने हुँदा बैठकमा अनिवार्य उपस्थित भई अन्तिमसम्म रहन उसले ह्विप नै जारी गरेको हो । प्रतिनिधिसभामा कांग्रेसका ८८ र एमालेका ७८ सांसद छन् । प्रतिनिधिसभामा कांग्रेस-एमालेको बहुमत भए पनि राष्ट्रिय सभामा भने सत्तारुढ गठबन्धन अल्पमतमा छ । राष्ट्रिय सभामा निर्णायक हैसियतमा रहेको जनता समाजवादी पार्टी (जसपा), नेपालले भूमिसम्बन्धी अध्यादेश फिर्ता लिन पूर्व 'सर्त' बनाएपछि सरकार अप्ठ्यारोमा परेको हो । राष्ट्रिय सभाबाट अध्यादेश स्वीकृति गर्न उसको ३ सिट सरकारका लागि निर्णायक बनेको छ । यस मुद्दामा संघ सरकारमै सहभागी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को अडान पनि सरकारको पक्षमा छैन । राष्ट्रिय सभामा एक सिटको प्रतिनिधित्व रहेको उसले जसपा नेपालले जस्तै भूमि अध्यादेश फिर्ता गर्नुपर्ने अडान लिएको छ । अध्यादेश प्रतिनिधिसभा र राष्ट्रिय सभा दुवैबाट पारित गर्नुपर्ने संवैधानिक व्यवस्था छ । आउँदो १८ चैतभित्र संसद्को दुवै सदनबाट पारित नभए यी अध्यादेश स्वत: निष्क्रिय हुने छन् । त्यसैले पनि सरकार जसरी भए पनि अध्यादेश पारित गराउने दाउमा छ ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई